नारायण नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दैलेख बजार, दैलेख

कर्णाली प्रदेश, नेपाल

बोलपत्र फाराम

ठेक्का नं. १/०७८/०७९/३

ठेक्काको नाम: नारायण नगरपालिका [illegible]

[illegible]

नारायण नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

दैलेख वजार, दैलेख

कर्णाली प्रदेश, नेपाल

सूचना नं. [illegible]/०८२/०८३

**प्रथम पटक प्रकाशित मिति २०८२।०४।२०**

कर्णाली प्रदेश,नेपाल

## ढुङ्गा, गिट्टि तथा वालुवाको ठेक्का बन्दोवस्ती सम्बन्धी सूचना

यस नारायण नगरपालिकाको कार्यालय दैलेखको आर्थिक वर्ष २०८२/०८३ को लागि नगर कार्यपालिकाद्वारा स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, कार्यपालिकाको निर्णय तथा निम्न बमोजिम उल्लेखित शर्तहरुको अधिनमा रही ढुङ्गा, गिट्टी तथा वालुवा ठेक्का प्रक्रियाद्वारा बिक्रि वितरण गर्नुपर्ने भएकाले इच्छुक फर्महरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलवन्दि दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक फर्म वा कम्पनीले आफै वा आफ्नो अधिकार प्राप्त प्रतिनिधि मार्फत तोकिएको समय भित्र अध्यावधिक नविकरण गरिएको व्यवसाय दर्ताको प्रमाणपत्र मुल्य अभिवृद्धि करमा दर्ताको प्रमाणपत्र को कर चुक्ता प्रमाणपत्र स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र ,आ.व. २०८०।०८१ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा म्याद थप (व्यक्तिको हकमा लागु नहुने) तपशिलमा उल्लेखित सिलवन्दि दरभाउपत्र दस्तुर निवेदन साथ पेश गरेपछि यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२. उल्लेखित ठेक्काको कर दस्तुर दररेट र शर्तहरु शिलबन्दी बोलपत्र फारममा संलग्न गरिनेछ । सिलवन्दि दरभाउपत्र फारम खरिद दस्तुर रु १०००/-(अक्षरेपी : एक हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ४०१०१००३०१०१०००२ मा जम्मा गरेको बैंक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद लिई आएमा कार्यालयबाट सिलवन्दि दरभाउपत्र खरिद गर्न सकिनेछ ।

३. आफुले चाहेको ठेक्का र कबोल गरेको ठेक्का रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ। शिलबन्दी बोलपत्र फारम साथ जमानत वापतको रकम यस नगरपालिकाको नाममा राष्ट्रिय वाणिज्य बैंक दैलेखमा रहेको धरौटी खाता नं. ४०१०१००३०३००००००२ मा दाखिला गरेको सक्कलै भौचर वा कार्यालयको नाममा जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी विड वण्ड समावेश गर्नुपर्नेछ ।

४. यस कार्यालयको छाप एवम् कार्यालय प्रमुख वा निजको जिम्मेवारी बहन गर्ने व्यक्तिको सहि छाँप नभएको शिलबन्दी बोलपत्र तथा म्याद नाघि वा रित नपुगी प्राप्त भएको शिलबन्दी बोलपत्र माथि कुनै कारवाही हुने छैन।प्राप्त शिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ ।

५. प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ ।दर्ता भएका शिलबन्दी बोलपत्र सोहि दिनको २:०० बजे कार्यालयमा खोलिनेछ साथै खोल्ने समयमा बोलपत्रदाता स्वंयम वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी बोलपत्रखोल्न कुनै बाधा पर्ने छैन ।

६. शिलबन्दी बोलपत्र सम्बन्धि अन्य शर्तहरु सिलवन्दि दरभाउपत्र फारमा उल्लेख गरे बमोजिम हुनेछ । अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।

७. शिलबन्दी बोलपत्र सम्बन्धी थप जानकारीको लागि कार्यालयको वेवसाइट:www.narayanmun.gov.np, इमेल:ito.narayanmun@gmail.com. फोन ०८९४१०१३५ तथा सूचना पाटी मार्फत लिन सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

तपशिल

| सि.नं. | ठेक्का नं. | शिर्षक | न्यूनतम वार्षिक ठेक्का अंक (भ्याट बाहेक) | ठेक्का फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| १ | १/०८२/०८३ | नारायण नगरपालिका क्षेत्र भित्रको लोहोरे खोलाको चुप्रा दोभान देखि उत्तर तर्फ लोहोरे भनभने सम्म IEE प्रतिवेदन तथा कार्यपालिकाको निर्णय बमोजिम ढुङ्गा, गिट्टि तथा बालुवाको ठेक्का बन्दोबस्ति सम्बन्धि सूचना | १३,२४,८५३।२० | १,००० | कबोल अंकको ५ प्रतिशत |
| २ | २/०८२/०८३ | नारायण नगरपालिका क्षेत्र भित्रको छामघाट खोलाको चुप्रा दोभान देखि उत्तर तर्फ ताराघाट दोभान सम्म IEE प्रतिवेदन तथा कार्यपालिकाको निर्णय बमोजिम ढुङ्गा, गिट्टि तथा बालुवाको ठेक्का बन्दोबस्ति सम्बन्धि सूचना | १२,३३,५५१।०० | १,००० | कबोल अंकको ५ प्रतिशत |

नारायण नगरपालिका, दैलेख

## नदीजन्य पदार्थहरु उत्खनन र बिक्री वितरण गर्ने शर्तहरु:

1.फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धिकर दर्ता प्रमाणपत्र, **आ.ब.०८०/०८१** को करचुक्ता प्रमाणपत्र **वा म्याद थप** को प्रमाणित प्रतिलिपी, बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा राष्ट्रिय वाणिज्य बैंक दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ४०१०१००३०१०१०००२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ र खरिद भएको बोलपत्र भरी १६ औं दिन दिनको १२:००बजेसम्म यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

2. नदीजन्य पदार्थहरु नदीबाट सोझै विक्रि वितरण नगरी घाटगद्दी गरिएको स्थानबाट मात्र गर्नुपर्नेछ ।

3. कार्यालयको अनुमति विना हेभि इक्यप्मेन्ट प्रयोग गरी उत्खनन गर्न पाइने छैन ।

4. म्याद नाघी, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्रहरु स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

5. बोलपत्र स्वीकृत भएपछि कबोल गरिएको सम्पुर्ण रकम राष्ट्रिय वाणिज्य बैंक दैलेखमा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. ४०१०१००३०१०१०००२ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा कार्यालयमा नगद बुझाएको आम्दानी रसिद सहित आधिकारिक व्यक्ति यस कार्यालयमा सम्झौता गर्न आउनुपर्ने छ।

6. तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत हुनेछ ।

7. यस नगरपालिकाका नदी तथा खोलाहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा नदीजन्य निर्माण सामाग्रीहरुको उपयोग सम्बन्धमा भएका अध्ययन प्रतिवेदन, नगरपालीकाको IEE रिर्पोट, नारायण नगरकार्यपालिकाको कार्यालयबाट भएका निर्देशनहरु अभिन्न अंग रहनेछन् ।

8. नदीजन्य पदार्थको उत्खनन, संकलन तथा विक्री वितरण कार्य नेपाल सरकारले निषेध गरेको स्थानहरुबाट गर्न पाईनेछैन ।

9. ठेक्का सम्झौता नगरी ठेक्का चलन गर्न पाईने छैन । नेपाल सरकार वा अदालतको आदेश/फैसलाबाट मिनाहा दिने सम्बन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरपालिकालाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दावी गर्न पाईने छैन ।

नारायण नगरपालिका नगर कार्यपालिकाको कार्यालय, दैलेख कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

. कर, दस्तुर शुल्कको दर लगायत अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिएको छ। नेपाल सरकार वा स्थानीय तहलाई लेत कानून बमोजिम बुझाउनुपर्ने अन्य कर दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित निकायमा बुझाउनु पर्नेछ । सो त बुझाएको रकमलाई कबोल गरेको ठेक्का रकमबाट कट्टा गर्न पाईनेछैन ।

शुल्क उठाउने रसिदहरु ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयको छाप लगाई प्रमाणित गराएर र रसिद नियन्त्रण तामा दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

. ठेकेदारले मासिक रुपमा (३०/३०) दिनमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी कार्यालयमा अनिवार्य रुपमा ा गर्नुपर्नेछ ।

3. ठेकेदारले प्रारम्भिक वातावरणीय परिक्षण IEE प्रतिवेदनमा दिएका रायसुझावहरु सम्बन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फबाट नकारी गराई सो को पालना गर्न लगाउनु पर्नेछ । यस कार्यमा लाग्ने आर्थिक भार ठेकेदार स्वयंमले व्यहोर्नु पर्नेछ ।

4. ढुंगा, गिट्टी, बालुवा, ग्राभेल जस्ता नदीजन्य पदार्थ संकलन उत्खनन गर्ने पक्षले नेपाल सरकार मन्त्री परिषदको मिति ०७२।१०।२० गतेको निर्णयमा व्यवस्था भए अनुसार नगरपालिका क्षेत्र भित्रका जुनसुकै नदी/खोलाबाट नदीजन्य पदार्थ संकलन त्खनन गरेपनि नगरपालिकाको विक्री कर रोयल्टी बुझाउनुपर्ने छ ।

5. विहान सुर्योदय भन्दा अगाडी र सांझ सुर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाईने छैन । यसरी नेयम बिपरित गएमा ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही हुनेछ ।

16. नेपाल सरकारका सबै कार्यालयहरुले र राजनीतिक दलहरुले नगरपालिकाको राजश्व संकलन गर्ने कार्यमा सहयोग पुर्‍याउनु पर्नेछ ।

17. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ र नेपाल सरकारका अन्य प्रचलित कानून अनुसार हुनेछ ।

18. खोला तथा नदीको घाटगद्दी स्थलमा सम्पूर्ण जानकारी सहितको सूचना पाटी (साईनबोर्ड) ठेकेदार आफैले बनाई सबै सरोकारवालाहरुले देखे गरी आफ्नै खर्चमा राखुपर्नेछ ।

19. नगरपालिकाबाट प्रमाणित गरी कर संकलन गरिएका नगदी रसिदहरुको अर्धकट्टी ठेकेदारले ३/३ महिनामा नगरपालिकामा जम्मा गर्नुपर्नेछ । उक्त नगदी रसिदसंग नदीजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदीजन्य पदार्थ उत्खननको एकीकृत परिमाण पनि पेश गर्नुपर्नेछ ।

20. यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा कानून बमोजिम हुनेछ ।

21. ठेक्का सम्बन्धमा कुनै बिवाद परेमा नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

22. प्रचलित नियमानुसार कालो सूचीमा परेका र नगरपालिकालाई बुझाउनु पर्ने बांकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

23 नगरपालिकाले निर्देशन दिई शुल्क नलिने भनि पत्र लेखेकोमा ठेकेदारले दस्तुर लिन पाउने छैन । त्यसरी दस्तुर नलिई छोडेको रकम नगरपालीकाबाट माग गर्न पाउनेछैन ।

24. नेपाल सरकारको निर्णय, नगर सभा/नगर कार्यपालिकाद्वारा ठेक्काको शर्त तथा दररेटमा कुनै संशोधन भएमा सोही संशोधन बमोजिम ठेकेदारले कार्यान्वयन गर्नुपर्नेछ ।

25. सूचना वा यस बोल पत्र फाराममा कुनै त्रुटी भएमा सो सम्बन्धमा नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

26. संकलन केन्द्र नदीबाट उत्खनन गर्ने घाटको किनारामा राखुपर्नेछ । तोकिएको स्थान बाहेक अन्य स्थानमा संकलनकेन्द्र राख्नुपर्ने भएमा नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र राख्न पाईनेछ ।

27. निर्माण सामाग्रीहरु उत्खनन र संकलन तथा बिक्री गर्दा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुलाई बिशेष प्राथमिकतादिनपर्नेछ ।

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दैलेख
कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

28. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी कुनैपनि कार्य गर्न पाईने छैन अन्यथा नियमानुसार कार्यवाही हुनेछ ।

29. ठेकेदारले यसमा भएका सम्पूर्ण शर्तहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ र सोको अनुगमन नगर कार्यपालिकाको कार्यालयबाट हुनेछ । यस्तो अनुगमनबाट शर्त उल्लघंन भएको पाईएमा कार्यालयले ठेक्का तोड्न सक्नेछ र सोबाट ठेकेदारलाई हानी नोक्सानी हुन गएमा कार्यालय जिम्मेवार हुनेछैन र त्यसको क्षतिपूर्ति दिन बाध्य हुनेछैन ।

30. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन र संकलन गर्दा भौतिक, जैविक, सामाजिक, आर्थिक र सांस्कृतिक क्षेत्रमा पर्ने असरहरुलाई कम गर्ने प्रक्रियाहरु अवलम्बन गरी ढुङ्गा, गिट्टी, बालुवा आदि संकलन तथा ढुवानी गर्नुपर्ने छ ।

31. निर्माण सामाग्रीहरु उत्खनन गर्न खोलासम्म जाने बाटो मर्मत गर्ने अवस्था आएमा ठेकेदार आफैले मर्मत गर्नुपर्नेछ । सो वापत लागेको खर्च नगरपालिकामा दावी गर्न पाईनेछैन ।

32. खोलाबाट निर्माण सामाग्रीहरु उत्खनन गर्दा नजिक रहेको सडक वन तथा खोला नालाको किनारा, घाटलाई कुनै हानी नोक्सानी नहुने र अर्काको जग्गा, कुलो, बाँधमा क्षति नहुने गरी उत्खनन गर्नुपर्नेछ ।

33. पुल, कलर्भट, कजवे, सडक, बाटो तथा सार्वजनिक निर्माण स्थलबाट दुवैतर्फ ५०० मि. भित्र निर्माण सामाग्रीहरु उत्खनन गर्न पाईनेछैन ।

34. मुख्य मार्गबाट बोल्डर, ग्राभेल, बालुवा उत्खनन गर्ने स्थलसम्म जाने आउने बाटो निर्माणको कार्य गर्दा निजी जग्गामा पर्ने भए सम्बन्धित जग्गाधनीको मञ्जरीनामा लिन पर्नेछ र वन क्षेत्र भएर जाने भए वन कार्यालयसंग सम्पर्क र समन्वय राखी ठेकेदारले निर्माण गर्नुपर्नेछ ।

35. नगरपालिकाबाट निर्धारण भएको दर बमोजिम', बोहेका अन्य कुनै किसिमको कर, सेवा शुल्क वा दस्तुर लिन पाईनेछैन र नगर कार्यपालिकाको कार्यालयबाट प्रमाणित गरिए बाहेकको रसिदहरु प्रयोग गरीसंकलन गर्न पाईनेछैन । यदी कुनै त्यस्तो अनधिकृत रकम असुल गरेको वा अनधिकृत रसिद प्रयोग गरेको तथ्य कार्यालयबाट अनुगमन हुँदा वा अन्य कतैबाट भएको उजुरी उपर छानवीन गर्दा त्यस्तो देखिएमा नियमानुसार कारवाही र सजाय हुनेछ ।

36. ठेक्का सम्झौता भएको मितिले भोलिपल्ट देखि २०८२ जेष्ठ मसान्तको सांझ (सूर्यास्त) सम्म मात्र उत्खनन एवं संकलन समय अवधि हुनेछ ।

37. चालु आर्थिक बर्षको तोकिएको अवधिभित्र उत्खनन गरी घाटगद्दी गरेको निर्माण सामाग्रीहरु २०८२ जेष्ठ मसान्त सम्म बिक्री वितरण गर्दा पनि मौज्दात बांकी रहेमा घाटगद्दी गरिएको सवै स्थानहरुमा रहेको मौज्दात नगर कार्यपालिकाको कार्यालयबाट स्थलगत अवलोकन गराई नगरपालिकाबाट प्रमाणित गराउनुपर्नेछ ।

38. उत्खनन स्थलबाट घाटगद्दी स्थलसम्म ढुवानी गरी चट्टा (पाइलिङ्ग) बनाउने जिम्मा ठेकेदारको हुनेछ ।

39. उत्खनन पश्चात काम नलाग्ने भनी छोडिएको निर्माण सामाग्रीहरु जुन स्थलबाट निकालिएको हो, सोही स्थलमा लगि पूर्व अवस्थामा छोड्नु पर्नेछ । नदीको धार बदलिने गरी उत्खनन गर्न पाईनेछैन ।

40. निर्माण सामाग्री उत्खनन तथा घाटगद्दी गर्ने कार्यमा संलग्न हुने कर्मचारी/कामदारहरुले प्रयोग गर्ने सुरक्षा सामाग्री तथा औजारहरु ठेकेदार स्वयंले उपलव्ध गराई सम्पूर्ण सूरक्षा सतर्कतासाथ उत्खनन तथा घाटगद्दी गर्नुपर्नेछ ।

41. ठेकेदारका कर्मचारी तथा कामदारहरुको कारण वातावरणमा कुनै प्रतिकूल प्रभाव नपर्ने गरी कार्य गर्ने व्यवस्था ठेकेदारले नै मिलाउनुपर्नेछ ।

42. यस आ. व. २०८२।०८३ जेष्ठ मसान्त सम्म ढुंगा, गिट्टि, बालुवा **आई.ई.ई. प्रतिवेदनमा उल्लेख तथा नगर कार्यपालिकाको निर्णय बमोजिम तोकिएको स्थानबाट मात्र** अधिकतम **७५०२** घ.मि. संकलन गर्न पाउने छ ।

नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दैलेख
कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

CS CamScanner

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
नारायण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
दैलेख ।

विषयः सिलबन्दि दरभाउपत्र पेश गरेको ।

महोदय

सेवामा निवेदन यो छ की यस कार्यालयको नारायण नगरपालिका क्षेत्र भित्रको लोहोरे खोला क्षेत्र भित्र रहेको ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदिको बिक्री तथा निकासीमा कर संकलन गर्न आ.व. ०८२।८३ को लागि ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी सिलबन्दी बोल पत्र आव्हान गरी मिति २०८१।७।७ गते प्रकाशित भएको सूचना बमोजिम तपसिलमा लेखिए अनुसार रु. ........................................ ।- अक्षरुपी .......... ..........................................................................................मा ठेक्का लिन मन्जुरी भएकोले धरौटी वापत रु..................... .............. को बैंक भौचर यसै साथ संलग्न राखी सिलबन्दी बोल पत्र दाखिला गरेको छु ।

**नारायण नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय,**

**दैलेख**

**कर्णालीप्रदेश नेपाल**

ठेक्काको नाम : नारायण नगरपालिका क्षेत्रभित्रका नदी/खोलाहरुवाट नदीजन्यपदार्थ निकासी कर उठाउने सम्वन्धी कार्य ।

| क्र. सं. | ठेक्का न. | कामको विवरण | न्यूनतम वार्षिक ठेक्का रकम रु (भ्याट वाहेक) | कवोल अंक रु (भ्याट वाहेक) | | कै. |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| १ | १।०८१।०८२ | नारायण नगरपालिका क्षेत्र भित्रको लोहोरे खोलाको चुप्रा दोभान देखि उत्तर तर्फ लोहोरे भनभने सम्म IEE प्रतिवेदन तथा कार्यपालिकाको निर्णय बमोजिम ढुङ्गा, गिट्टि तथा बालुवाको ठेक्का वन्दोवस्ति सम्वन्धि | १३,२४,८५३।२० | | | |

**बोलपत्र पेश गर्ने**

फर्मको नाम (छाप सहित) :

आधिकारीक व्यक्तिको नाम :

हस्ताक्षर : सम्पर्क नं. :

CamScanner